# परिशिष्ट २

## सत्यको वचनलाई ठीकसंग प्रयोग गर्ने अभ्यास गर्नको निम्ति सहायताहरू

"शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसंग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दुर प्रयत्न गर" (२ तिमोथी २:१५) ।

सत्यको वचन (बाइबल) लाई ठीकसंग प्रयोग गर्नु धेरै महत्वपूर्ण हुन्छ । अरु कुराहरूको साथै, यसको अर्थ पुरानो करार र नयाँ करार विचको फरकलाई बुझ्नु भन्ने पनि हुन्छ । पुरानो करार छायाँ हो भने, नयाँ करार वास्तविकता हो (हिब्रू १०:१) । पुरानो करारलाई "क्रूसमा किला ठोकी टाँगिएको" छ र अब नयाँ करारको व्यवस्था आत्मिकरुपमा लागूभएको छ (कलस्सी २:१४) । पुरानो करार उदाहरणहरू र परमेश्वरले कसरी सधैं उहाँका प्रतिज्ञाहरू पुरा गर्नुहुन्छ भन्ने देखाउनको निम्ति महत्वपूर्ण छ (१ कोरिन्थी १०:६) । पुरानो करारमा गरिएका परमेश्वरका प्रतिज्ञाहरू नयाँ करारमा पुरा भएका छन् । (अर्को पानामाभएको तलिका अध्ययन गर्नुहोस् ।)

## सत्यको वचनलाई ठीकसंग प्रयोग गर्ने
## २ तिमोथी २:१५

| **पुरानो करार** | **नयाँ करार** |
|---|---|
| **प्रतिज्ञाहरु गरिएको** (उत्पत्ति ३:१५, १२:३) | **प्रतिज्ञाहरु पुराभएको** |
| १. राज्य स्थापना हुनेछ (दानिएल २:४४) | मर्कूस ९:१, प्रेरित १:८, २:१-४, लूका २२:२९, ३०, १ कोरिन्थी ११:२३ |
| २. परमप्रभुको भवन स्थापित हुनेछ (यशैया २:२, ३) | हिब्रू १०:२१, १ तिमोथी ३:१५ |
| "पछिल्ला दिनमा" हुनेछ | प्रेरित २:१६, १७, हिब्रू १:१, २ |
| यरुशलेमबाट शुरु हुनेछ | लूका २४:४६, ४७, प्रेरित १:४-८ |
| सबै जातिहरु त्यहाँ आउने छन् | प्रेरित २:९, रोमी १:१६ |
| ३. ख्रीष्ट राजा हुनुहुनेछ (यर्मिया २३:५, ६) | मत्ती २८:१८, प्रेरित २:२९-३३ |
| ४. नयाँ करार स्थापना हुनेछ (यर्मिया ३१:३१) | मत्ती १६:१८, १९, प्रेरित २:३६-३८, हिब्रू ९:१५-१७ |
| ५. पवित्र-आत्मा दिइने छ (योएल २:२८) | प्रेरित २:१६-२१ |

**मण्डलीबारेका सबै अगमवाणीहरु प्रेरित २ अध्यायमा पुरा भएका छन्, जसले त्यस एक दिनको, पेन्तिकोसको दिनको घटना उल्लेख गरेको छ।**

राज्यकोबारेमा बोल्ने प्रत्येक धर्मशास्त्रले प्रेरित २ अघि यसकोबारेमा बोल्दा भविष्यमा छ भन्ने रुपमा बोलेका छन् (यशैया २:२-४, मीका ४:१, २, दानिएल २:४४, मत्ती ३:१, २, ६:९, १०, १६:१८, मर्कूस ९:१)।

**प्रेरित २: पेन्तिकोस**

राज्यकोबारेमा बोल्ने प्रत्येक धर्मशास्त्रले प्रेरित २पछि यसकोबारेमा बोल्दा अस्तित्वमा छ भनी बोलेको छ (प्रेरित २:४७, कलस्सी १:१३, १४)।

## बाइबलअनुसार
## एउटा झुण्डलाई कसरी संगठित गर्न सकिन्छ

**एउटा स्वतन्त्र शरीरकोरुपमा**–प्रभुको मण्डलीको प्रत्येक झुण्ड एउटा छुट्टै स्वतन्त्र एकाई हुन्छ। एउटा झुण्ड अर्काको माथि कहिल्यै हुँदैन। मण्डलीहरूको संगठन पनि हुँदैन, न त्यहाँ स्थानिय झुण्डभन्दा ठूलो कुनै अर्को संगठन हुन्छ।

**ख्रीष्टको शरीरकोरुपमा**–बाइबलमा मण्डलीलाई "ख्रीष्टको शरीर" भनिएको छ। यस आलंकारिक भाषामा हामी ख्रीष्ट त्यो "शरीरको शिर हुनुहुन्छ" भन्ने देख्दछौं (कलस्सी १:१८, एफिसी १:२२)। जसरी भौतिक शरीरको प्रत्येक अंगको एउटा विशेष काम हुन्छ, ख्रीष्टको शरीरको पनि त्यस्तै हुन्छ। कुनै पनि मण्डलीको सदस्य अर्कोभन्दा बढी महत्वपूर्ण हुँदैनन्। प्रत्येकसंग सम्पूर्ण शरीर, मण्डलीको भलाईको निम्ति उनीहरूको स्थान र गर्नुपर्ने योगदान हुन्छ।

**एकमात्र शिरकोरुपमा येशू**–ख्रीष्ट "मण्डलीको शिर" हुनुहुन्छ, त्यसैले उहाँसँग सारा अधिकार छ (मत्ती २८:१८)। कसैलाई कुनै पनि प्रकारले मण्डलीको संरचना परिवर्तन गर्ने अनुमति छैन, किनभने कसैसंग पनि त्यसो गर्ने अधिकार छैन।

**एल्डरहरूको अगुवाई अन्तरगत**–जब स्थानिय झुण्ड संख्यामा र आत्मिक परिपक्वतामा बढ्दै जान्छ, झूण्डबाट पुरुषहरू एल्डर हरूकोरुपमा सेवा गर्न नियुक्त गरिनु पर्दछ। यी पुरुषहरू झुण्डबाटै चुनिनु पर्दछ, उनीहरू स्वयम्-नियुक्त हुँदैनन्। एल्डरहरूलाई "गोठालाहरू" पनि भनिएको छ र उनीहरूले बगालको रक्षककोरुपमा सेवा गर्नुपर्दछ (१ पत्रुस ५:१-५)। एल्डरहरूका निम्ति योग्यताहरू १ तिमोथी ३:१-८ र तीतस १:५-८ मा पाइन्छन्। एल्डरहरू वा डिकनहरू नियुक्त नभैकन पनि मण्डली स्थापना हुन सक्दछ। पहिला त, उनीहरू नभए तापनि यो अस्तित्वमा रहन सक्दछ, किनभने जो यी सामर्थ्यहरूमा सेवा गर्दछन् उनीहरू वर्षौंको अनुभवद्वारा योग्य भएकै हुनुपर्दछ।

**सेवाको निम्ति नियुक्त डिकनहरूका साथ**–झुण्डमा सेवा गर्नको निम्ति पुरुषहरू डिकनहरूको पदमा पनि नियुक्त गरिन्छन्। उनीहरू एल्डर हरूको मातहतमा रहेर सेवा गर्दछन् (फिलिप्पी १:१, प्रेरित २०:२८)। उनीहरूको योग्यता १ तिमोथी ३:८-१३ मा पाइन्छ।

## ख्रीष्टियान पुरुष

धेरै पक्षमा, ख्रीष्टियान पुरुषहरूको जिम्मेवारी ख्रीष्टियान स्त्रीहरूको जस्तै छ। दुवैले विश्वास योग्यरुपमा मण्डलीको सेवामा उपस्थित हुनु पर्दछ (हिब्रू १०:२५), दान दिनमा उदार हुनुपर्छ (१ कोरिन्थी १६:२), पवित्र जीवन जिउनु पर्दछ (याकूब १:२७), सुसमाचार प्रचार गर्नुपर्छ (मत्ती २८:१९, २०), बाइबल अध्ययन गर्नुपर्छ (२ तिमोथी २:१५, हेरौ प्रेरित १७:११) र आत्मिकरुपमा बढ्नु पर्दछ (१ पत्रुस २:२)।

**ख्रीष्टियान पुरुषले के गर्नु हुँदैनः**

१. उनले उनका पत्नी र छोरा-छोरीलाई दुर्व्यवहार गर्नुहुँदैन (एफिसी ५:२५-३१, १ पत्रुस ३:७, १ थेसलोनिकी २:११)।

२. उनी झगड़ालु हुनुहुँदैन (रोमी १२:१८)।

३. उनी व्यभिचारी हुनुहुँदैन (१ कोरिन्थी ६:१८, १९)।

४. उनी सुख-विलासको चाहना गर्ने हुनु हुँदैन (२ तिमोथी ३:४, तीतस ३:३)।

५. उनी अनुभूतिहिन अथवा असंवेदनशील हुनुहुँदैन (लूका २२:६२, यूहन्ना ११:३५, प्रेरित २०:३७)।

**ख्रीष्टियान पुरुषले के गर्नुपर्छः**

१. उनी प्रभुको मण्डलीमा अगुवाइको निम्ति जिम्मेवार हुन्छन् (१ तिमोथी २:८-१५, १ कोरिन्थी १४:३३, ३६)।

२. उनले उनको परिवारलाई प्रेम पूर्वक अगुवाइ गर्नुपर्छ (एफिसी ५:२१-३३, कलस्सी ३:१८-२१, १ पत्रुस ३:१-६, १ कोरिन्थी ११:२-५)।

३. उनले आफ्नो परिवारको आत्मिक र शारीरिक आवश्यकताहरू पुरा गर्नुपर्ने हुन्छ (१ तिमोथी ५:८)।

४. उनले उनका छोरा-छोरीहरू उपयुक्तरुपमा हुर्कुन् भन्ने कुरामा ध्यान दिनुपर्ने हुन्छ (एफिसी ६:४)।

## पुरुषहरूको निम्ति नयाँ करारका "आदर्शहरू"

१. सबै ख्रीष्टियानहरूले मण्डलीमा दिइएको अगुवाहरूको योग्यतालाईप्राप्त गर्ने उत्कट इच्छा गर्नुपर्दछ ("एल्डरहरू कस्तो हुनुपर्छ सबै ख्रीष्टियानहरू कस्तो हुनुपर्दछ" भन्ने तालिका हेर्नुहोस्)।

२. उनीहरू येशू जस्तै, सेवक अगुवा हुनुपर्दछ (लूका २२:२७)।

३. वर्नावास जस्तै, पुरुषहरू आर्थिक दान दिन र उत्साहित वचन बाँड्न उदार हुनुपर्दछ (प्रेरित ४:३६, ३७)।

४. फिलेमोनले जस्तै, पुरुषहरूले संगी ख्रीष्टियानहरूको निम्ति उनीहरूको घर खुला राख्नुपर्ने हुन्छ (फिलेमोन २) र भाइहरूको निम्ति के असल हुनसक्छ भनी व्यक्तिगत भिन्नताहरू त्याग्न सक्नुपर्दछ (फिलेमोन १०-२०)।

## खीष्टियान स्त्री

**खीष्टियान स्त्रीले धर्मशास्त्रअनुसार के गर्न सक्दिनन्:**

१. उनलाई मण्डलीको सभामा अगुवाइको अभ्यास गर्न मनाही गरिएको छ (१ कोरिन्थी १४:३४, ३५, हेरौं १४:१९, २३, २६, २८) । प्रचारकहरूले सभामा बोल्दछन्, त्यसैले खीष्टियान स्त्रीहरूले प्रचारककोरुपमा सेवा गर्नु हुँदैन ।

२. उनलाई पुरुषहरू माथि अधिकार जमाउन मनाही गरिएको छ, त्यसैकारण, उनले एउटा एल्डर अथवा डिकनकोरुपमा सेवा गर्न सक्दिनन् (१ तिमोथी २:१२, ३:२) ।

३. उनलाई उनको पतिको अधिकारलाई इन्कार गर्न मनाही गरिएको छ (१ कोरिन्थी ११) ।

**खीष्टियान स्त्रीले धर्मशास्त्रअनुसार के गर्न सक्दछिन्:**

१. उनलाई ती कृयाकलापहरूमा अगुवाइ गर्न रोकिएको छैन जसमा उनको पुरुषहरूमाथि अधिकार हुँदैन ।

२. उनलाई अरु स्त्रीहरू र बाल-बालिकाहरूलाई शिक्षा दिन रोकिएको छैन । केही परिस्थितिमा उनले सिकाउन सक्दछिन् अथवा पुरुषहरूलाई, सिकाउन सहायता गर्न सक्छिन् (प्रेरित १८:२४-२८, तीतस २:४) ।

३. उनलाई व्यक्तिगत काम गर्न, व्यक्तिलाई खीष्टसम्म डोऱ्याउन मनाही गरिएको छैन ।

४. उनलाई मण्डलीको निम्ति काम गर्न, यहाँसम्म कि तलब लिएर, धर्मशास्त्रअनुसार उनको निम्ति उपयुक्त कुनै पनि काम गर्न मनाही गरिएको छैन ।

## स्त्रीहरूका निम्ति नयाँ करारका "आदर्शहरू"

१. येशूका साथमा हुने र उहाँलाई आर्थिकरुपमा उहाँको शिक्षा दिने काममा सहायता गर्ने स्त्रीहरू (मत्ती २७:५५, लूका ८:१-३) ।

२. मरियम, लाजरसकी बहिनी, उहाँको पाउनेर बसेर उहाँको वचन सुन्थिन् (लूका १०:३९, ४२) ।

३. मरियम मग्दलिनी येशूकी एक समर्पित चेली थिइन्, बौरी उठ्नुभएको प्रभुकोबारेमा उत्साहका साथ अरुहरूलाई सुनाएको थिइन् (यूहन्ना २०:१-१८) ।

४. डोरकास, अथवा तबीता, "असल काम गर्न र दान दिनमा" लागिरहन्थिन (प्रेरित ९:३६) ।

५. फिबी "मण्डलीकी एउटी सेविका" पावलकी एउटी सहयोगी थिइन् (रोमी १६:१, २) ।

६. प्रिस्का एकजना विश्वासयोग्य पत्नी, प्रेरितकी एक संगी कामदार र धर्म सेविका थिइन् । उनका पतिका साथ उनले उनको आफ्नै घरमा मण्डलीलाई अथित्य-सत्कार गर्दथिन् (हेर्नुहोस् रोमी १६:३-५, प्रेरित १८:१-३, प्रेरित १८:२४-२८) ।

## एल्डरहरु कस्तो हुनुपर्छ सबै ख्रीष्टियानहरु कस्तो हुनुपर्दछ

| एल्डरहरु | गुणहरु | सबै ख्रीष्टियानहरु |
|---|---|---|
| १ तिमोथी ३:२ | कसैले दोष लगाउन नसक्ने (निर्दोष) | १ तिमोथी ५:७, ६:१४ |
| १ तिमोथी ३:२ | संयमी (होशियार) | १ पत्रुस १:१३, ४:७, ५:८ |
| १ तिमोथी ३:२ | समझदार (विवेकी, गम्भीर) | तीतस २:२, ५, रोमी १२:३ |
| १ तिमोथी ३:२ | अतिथि सत्कार गर्ने | रोमी १२:१३, हिब्रू १३:२ |
| १ तिमोथी ३:२ | सुयोग्य शिक्षक | हिब्रू ५:१२ |
| १ तिमोथी ३:३ | मतवाला होइन (जड्याहा होइन) | तीतस २:३, एफिसी ५:१८ |
| १ तिमोथी ३:३ | विनम्र (धैर्यवान) | फिलिप्पी ४:५, कलस्सी ३:१३, तीतस ३:२ |
| १ तिमोथी ३:३ | झगडा नगर्ने (मारपिट नगर्ने) | याकूब ४:२, २ तिमोथी २:२४ |
| १ तिमोथी ३:३ | धनको लोभ नगर्ने | १ तिमोथी ६:१०, २ तिमोथी ३:२ |
| १ तिमोथी ३:४ | आज्ञाकारी, आदर गर्ने सन्तानभएको | एफिसी ६:१-४ |
| १ तिमोथी ३:७ | बाहिरकाहरुको दृष्टिमा असल ठहरिएको | १ पत्रुस २:१२-१६ |
| तीतस १:८ | न्याय संगत (ठीक व्यवहार गर्ने) | कलस्सी ४:१ |
| तीतस १:८ | धार्मिक (पवित्र) | एफिसी ४:२४, १ तिमोथी २:८ |
| तीतस १:८ | आफूलाई वशमा राख्ने (संयमभएको) | गलाती ५:२३ |

**एल्डरहरुका तीन योग्यताहरु हुन्छन् जुन सबै ख्रीष्टियानहरुसंग हुन आवश्यक हुँदैन। एल्डर एउटै स्त्रीका पति हुनु पर्छ, "विश्वास गर्ने सन्तान" हुनैपर्छ, र "एउटा नयाँ विश्वासी" हुनुहुँदैन (१ तिमोथी ३:२, ६, तीतस १:६)। (जबकि विवाहित ख्रीष्टियानको एउटै मात्र जीवन संगी हुनु पर्दछ, एउटा अविवाहित पुरुष अथवा स्त्री पनि ख्रीष्टियान बन्न सक्दछन्।)**